नगर कार्यपालिका बैठक नं. १८
स्थानः ठूलीभेरी नगरपालिकाको सभाहल
मितिः २०८०।०८।२५

आज मिति २०८०।०८।२५ गते यस ठूलीभेरी नगरपालिकाका नगरप्रमुख श्री श्रवर्ण कुमार बुढा ज्यूको अध्यक्षतामा १८ औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थितिहरु तपसिल बमोजिम छन् ।

| हस्ताक्षर | नाम | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| | श्रवर्ण कुमार बुढा | नगर प्रमुख | | ९८६०३८३००२ |
| | छिरिङ टोल्मा महत | नगरउपप्रमुख | | ९८६२७५४७५८ |
| | तेजेन्द्र बहादुर रोकाया | वडा अध्यक्ष | ठूलीभेरी-१ | ९८६८३१२१७८ |
| | कमल बहादुर क्षेत्री | ,, ,, | ठूलीभेरी-२ | ९८४८३०३७१२ |
| | भक्त बहादुर भण्डारी | ,, ,, | ठूलीभेरी-३ | ९८६७३५१८५५ |
| | जुद्द बहादुर बुढा | ,, ,, | ठूलीभेरी-४ | ९८४२३६५५७३ |
| | भिम बहादुर रोकाया | ,, ,, | ठूलीभेरी-५ | ९८४८३०४२६९ |
| | तेजेन्द्र कार्कि | ,, ,, | ,, -६ | ९८४२६८२७२६<br>९८६९२५०८८० |
| | धूर्वविक्रम शाही | ,, ,, | ,, -७ | ९८४८३२३६९७ |
| | मनराम ठकुल्ला | ,, ,, | ,, -८ | ९८६८३३४३८६ |
| | सुवास कठायत | ,, ,, | ,, -९ | ९८५१०७११९४ |
| | हर्षरुप महत | ,, ,, | ,, -१० | ९८४०२०१८६७ |
| | भद्र बहादुर कार्कि | ,, ,, | ,, -११ | ९८६८९९६०८९ |
| | पुतली देवि रोकाया | का.पा.सदस्य | ,, -१ | ९८६४३६८५९१ |
| | कलि भण्डारी | का.पा.सदस्य | ,, -८ | ९८४८३१६६२७ |
| | हैता रोकाया | ,, ,, | ,, -६ | ९७४५६४१३७५ |

| | | | | |
|---|---|---|---|---|
| | सरस्वति बुढा | ,, ,, | ,, ४ | ९७४२५५०७५६ |
| | विष्णु कुमारी डाँगी | ,, ,, | ,, -९ | ९७४५९५३२२४ |
| | दिलमाया वि.क. | का.पा. दलित सदश्य | ,, -२ | ९८४३१३७०७२ |
| | काजिमान वि.क. | ,, ,, | ,, -३ | ९८६४३४८९०५ |
| | प्रिति सार्कि | ,, ,, | ,, -७ | ९८४८३५२१२९ |
| | सुकदेव लम्साल | सचिव | तनहुँ | ९८५११५४५५५ |
| | नन्द बहादुर कार्की | को.वी. सदस्य | झुलीनेटी-९ | ९८४३३४६३३४ |
| | विष्णु बहादुर खत्री | को.वी. सदस्य | झुलीनेटी-६ | ९८६३८३६६३६ |
| | सुना संकाया | को.वी. सदस्य | ,, -२ | ९८४८३८६८९८ |
| | माधव शाही | ~~लेखापाल~~ अ.सं.ई | | |
| | सुनिल गुरुङ | लेखापाल | | |
| | डिल्लीराम तिमिल्सेना | स. पाँचौं | | |

कार्यपालिका बैठकका प्रस्तावहरु:-

१ गत बैठकको समिक्षा

१ प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजनाहरु सम्बन्धमा ।

२ स्टोरको लागि घरभाडा सम्बन्धमा ।

३ आगामी आ ब २०८१।८२ का लागि संघ र प्रदेशमा माग गर्ने समपुरक र विशेष योज सम्बन्धमा ।

४ पुराना घरहरुको अभिलेखिकरण र नयाँ घरहरुको नक्सापास सम्बन्धमा ।

५ मोटरसाइकल खरीद सम्बन्धमा ।

६ हिउँदे नगरसभा सम्बन्धमा ।

७ इन्टरनेट बैंकिङ्ग सेवा सम्बन्धमा ।

८ बेरुजु नियमित गर्ने सम्बन्धमा ।

९ सम्पत्तिकर प्रयोजनका लागि जग्गाको मूल्यांकन

१० सोलारको बोलपत्र सम्बन्धमा ।

११ दुनै लामालोटे सुलिगार्ड सडक निर्माण सम्बन्धमा ।

१२ आँखेखोला लघुजलविद्युत आयोजना सम्बन्धमा ।

१३ असई छ्युङ्ग जाङ्मो तामाङ्गको वेतलबी विदा सम्बन्धमा ।

१४ वडा नं १ को सोलार जडान कार्यक्रम सम्बन्धमा ।

१५ योजना माग तथा संशोधन सम्बन्धमा

१६ जरिवाना सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं १**

यस ठूलीभेरी नगर कार्यपालिका बैठकको विगतका निर्णयहरु कार्यान्वयनको अवस्था सम्वन्धमा समीक्षा गरियो । फोहरमैला व्यवस्थापनको कार्ड वितरण गर्ने र दस्तुर उठाउने कार्य हालसम्म पनि हुन नसकेकोले वडा नं ३ र वडा नं ७ ले ७ दिनभित्र सबै घर पसलहरुलाई सदस्यता कार्ड वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस ठूलीभेरी नगरपालिकामा चालु आ व २०८०।८१ का लागि प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका दुवै स्रोतको रकमबाट देहाय वमोजिमका योजनाहरु सञ्चालन गर्न देहाय बमोजिमको बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| क.स. | वडा नं. | योजनाको नाम | वेरोजगार व्यक्तिको संख्या | प्राथमिकतामा परेको संख्या | बिनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | १ | स्वास्थ्य कार्यालय रिटेनिङ्ग वाल निर्माण | १०८ | ११ | ७७३२०० |
| १ | २ | लोचा ढल निकास योजना | १०३ | ५ | ३८४००० |
| २ | ३ | गैदान घेराबार निर्माण | १२९ | ७ | ५३७६०० |
| ३ | ४ | जिउला देखि अक्कुखोला सम्मको घोरेटो बाटो निर्माण | १२१ | ६ | ४६०८०० |
| ४ | ७ | तलिकुना ककानि ठाडाघो हुदै चैतिखारा सम्म ढल सहित बाटो निर्माण | १८८ | ६ | ४६०८०० |
| ५ | ९ | डागीवाडा देखि रह ढिस्का सम्म पैदल बाटो निर्माण | १४३ | ६ | ४६०८०० |
| ६ | १० | शिव मन्दिर घेराबार निर्माण | ७४ | ५ | ३८४००० |
| ७ | ११ | खोला पारी देखि पोथिजुर हुदै ताक्ली सम्म घोरेटो बाटो निर्माण | १४३ | ६ | ४६०८०० |
| | | जम्मा | १००९ | ५२ | ३९२२००० |

CamScanner

### आइ डि ए सोधभर्ना रोजगारी सिर्जना अनुदान २०८०

| क्र.स. | वडा नं. | योजनाको नाम | बेरोजगार व्यक्तिहरुको संख्या | प्राथमिकतामा परेको व्यक्तिको संख्या | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | ५ | तातोपानी देखि रुपगाड पुल तथा बाटो मर्मत | १३८ | ११ | ८२९८०० |
| २ | ५ | शहिद शुक्रराज आधारभुत विद्यालय घेराबार निर्माण | १३८ | ९ | ६९१२०० |
| ३ | ६ | श्री लक्ष्मी मा वि रिटेनिङ्ग वाल निर्माण | १९९ | १३ | ९९८४०० |
| ४ | १० | रामाचुला मन्दिर मर्मत योजना | ७६ | ७ | ५३७६०० |
| | | जम्मा | ५५१ | ४० | ३०५७००० |

## निर्णय नं ३

यस ठूलीभेरी नगरपालिकाको कार्यालय भवन हालसम्म निर्माण हुन नसकेकोले कार्यालय प्रयोजन र स्टोरको प्रयोजनका लागि विगत २०७५ सालदेखी भाडामा लिदै आएको ठूलीभेरी नगरपालिका वडा नं ७ मा रहेको कि नं ११५,११६ र ११७ मा कुमलाल डाँगीको नाती रुद्र बहादुर डाँगीको छोरा बर्ष ४३ को बालकृष्ण डाँगीको नाममा रहेको घर भवन साविक देखी मासिक रु ३५००० ( अक्षेरुपी पैतिसहजार मात्र) हुदै आएकोमा भाडामा बृद्धि गरी पाउँ भनी निवेदन दिनुभएकोले सो उपर वैठकमा छलफल हुँदा सो भाडामा बृद्धि गरी चालु आ व २०८०।८१ को श्रावण देखी लागु हुने गरी मासिक रु ४०००० ( अक्षेरुपी चालिस हजार मात्र) कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं ४

आगामी आ व २०८१।८२ का लागि संघ र प्रदेशमा तपसिल वमोजिमका समपुरक र विशेष योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

| संघका लागि | | |
|---|---|---|
| विशेष योजनातर्फ | | समपुरकतर्फ |
| १ क्रमागत जुफाल खानेपानी योजना | | १ क्रमागत रोलागार्ड आरसिसि पुल |

| | | |
|---|---|---|
| ठूलीभेरी ७ | | ठूलीभेरी ५ |
| २ क्रमागत न्यून साक्षता भएका क्षेत्रको शैक्षिक विकासका लागि विशेष शैक्षिक आयोजना तथा कार्यक्रम ठूलीभेरी नपा | | २ क्रमागत नगरपालिका प्रशासकीय भवन ठूलीभेरी ७ |
| ३ क्रमागत वडा कार्यालय भवन निर्माण वडा नं ३ | | |
| ४ सरस्वती मावि महिला छात्राबास ठूलीभेरी ३ | | |
| ५ देवी आधारभुत विद्यालय भवन निर्माण ठूलीभेरी ६ | | |
| ६ वडा कार्यालय भवन निर्माण वडा नं १० | | |

| प्रदेशका लागि | | |
|---|---|---|
| विशेष योजनातर्फ | | समपुरकतर्फ |
| १ क्रमागत फोहरमैला व्यवस्थापन कार्यक्रम ठूलीभेरी ३ | | १ उपल्लो दुर्गे मन्दिर देखि माथि दुर्गे सम्म मोटर बाटो |
| २ वडा कार्यालय आर सि सि भवन निर्माण वडा नं १ | | २ |
| ३ स्वास्थ्य चौकी भवन मर्मत वडा नं १ | | ३ |
| ४ वडा कार्यालय भौतिक संरचना निर्माण वडा नं ८ | | |
| ५ वडा कार्यालय भवन मर्मत वडा नं ४ | | |

<u>निर्णय नं ४</u>

यस ठूलीभेरी नगरपालिका हालसम्म पनि नक्सापासको कार्य आरम्भ नभएकोले नागरिकहरुका लागि बैकमा धितो राख्ने सम्पत्ति मूल्यांकन गर्ने ऋण लिने जस्ता कार्य हुन नपाएकोले नागरिकको हित र कल्याणलाई मध्यनजर राख्दै भोलि मिति

CamScanner

२०८०।०८।२६ गते देखी ६ महिना भित्र अभिलेखिकरण गर्न सूचना प्रकाशन गर्ने र नयाँ बन्ने घरहरुको लागि नेपाल इन्जिनियरिङ्ग कान्सिलबाट प्रमाणपत्र प्राप्त कन्सल्टयान्सीहरुलाई सूचिकृतको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

<u>निर्णय नं ५</u>

यस नगरपालिकाका उपप्रमुख श्री छिरिङ्ग टोल्मा महतको लागि न्यायिक समितिको कार्यालय र नगर कार्यपालिकाको कार्यालयसम्म आवतजावतका लागि प्रदान गरिएको मोटर साइकल नेपालगञ्ज रहेका बखत हराएकोले सोको बिमाको कारवाही अगाडि बढाउदै निजका लागि १ थान २२० मोडेलको मोटरसाइकल न्यायिक समिति कार्यालय व्यवस्थापन र अन्य समेत शीर्षकको ७५० हजार मध्येबाट ४ लाखमा नकट्ने गरी खरीद गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ६</u>

यस नगरपालिकाको १२औ नगरसभा यहि मिति २०८० पौष ४ गते गर्ने निर्णय गरियो ।

<u>ल निर्णय नं ७</u>

यस नगरपालिकाको सबै बैंक खाताहरु सिटिजन्स बैक इन्टरनेशनल जुफाल शाखा डोल्पामा रहकोमा बैकसँग पटक पटक खाताको स्टेन्टमेन्ट मागि राख्नु पर्ने र बैक र सुत्रको हिसाब अपडेट गरिराख्नु पर्ने भएकाले वर्तमान सूचना प्रविधिको युगमा बैकसँग इन्टरबैकिंक सुविधा प्राप्त गरी आर्थिक कारोवारलाई चुस्त बनाउने निर्णय गरियो ।

<u>निर्णय नं ८</u>

यस नगरपालिकाको गत आर्थिक वर्ष २०७९।८० को कारोवारको लेखापरीक्षको प्रारम्भिक प्रतिवेदन प्राप्त हुन आएकोले प्रतिवेदनमा उल्लेखित निम्न बिषयहरुलाई नियमित गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

| दफा नं | भएको व्यहोरा | | |
|---|---|---|---|

CamScanner

| | | | |
|---|---|---|---|
| | | | |

## निर्णय नं ९

यस नगरपालिकाको एघारौ नगरसभाबाट सम्पत्तिकर लागु भएकोमा सम्पत्ति कर लिने प्रयोजनका लागि जग्गाको मूल्यनिर्धारण देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| [illegible] | [illegible] | [illegible] | [illegible] | मूल्य प्रति मिटर |
|---|---|---|---|---|
| वडा नं १, वडा नं २ र वडा नं ४ | | | | |
| | आवासीय क्षेत्र | कच्ची सडक | साविक दुनैको कच्ची सडकले छोएको क्षेत्र | १२०० |
| | कृषि क्षेत्र | सडकले नछोए | साविक दुनैको अन्य सबै खेतपाखो | ५५० |
| वडा नं. ३ | | | | |
| | आवासीय क्षेत्र | कच्ची सडक | दुनै भदालेचौर धुपीचौर सुलिगार्ड | १३९० |
| | **व्यापारिक क्षेत्र** | पक्की सडक | दुनै तल्लो बजार | ३६९० |
| | **व्यापारिक क्षेत्र** | पक्की सडक | दुनै माथिल्लो बजार | ३६९० |
| | **व्यापारिक क्षेत्र** | कच्ची सडक | विधुत पावरहाउस वरपरको क्षेत्र | २४२० |
| | **व्यापारिक क्षेत्र** | कच्ची सडक | दुनै अस्पताल क्षेत्र | १८७५ |
| | आवासीय क्षेत्र | कच्ची सडक | दुनै कारागार क्षेत्र | १८१५ |
| | आवासीय क्षेत्र | कच्ची सडक | साविक दुनैको कच्ची सडकले छोएको क्षेत्र | १२०० |
| | कृषि क्षेत्र | सडकले नछोए | साविक दुनैको अन्य सबै खेतपाखो | ५५० |

CamScanner

| | | | |
|---|---|---|---|
| वडा नं ५ र ६ | | | |
| आवासीय क्षेत्र | कच्ची सडक | साविक माझफालको कच्ची सडकले छोएको क्षेत्र | ५०० |
| कृषि क्षेत्र | सडकले नछोएको | साविक माझफालको अन्य सबै खेतपाखो | ३०० |
| वडा नं ७,वडा नं ८ र वडा नं ९ | | | |
| आवासीय क्षेत्र | कच्ची सडक | साविक जुफाल मोतिपुर देखी एयरपोर्ट र जुफाल बजार क्षेत्र, सेराहुदै घट्टसम्म | १८७५ |
| आवासीय क्षेत्र | | साविक जुफाल सेरादेखी डाँगीबाडा हुदै पारंगसम्म | १२१० |
| आवासीय क्षेत्र | कच्ची सडक | साविक जुफाल कालागौडादेखी भेतीसम्म | १२१० |
| कृषि क्षेत्र | कच्ची सडक | साविक जुफालको कच्ची सडकले छोएको क्षेत्र सबै खेत पाखो | ७५० |
| कृषि क्षेत्र | सडकले नछोएको | साविक जुफालको सबै खेत पाखो | ७५० |
| वडा नं १० र ११ | | | |
| आवासीय क्षेत्र | कच्ची सडक | साविक रहको सडकले छोएको क्षेत्र | ४०० |
| कृषि क्षेत्र | | साविक रहको सबै खेत पाखो क्षेत्र | ३०० |

निर्णय नं १०

CamScanner

यस नगरपालिकाको एघारौ नगरसभाबाट वडा नं ७ र १ का लागि सौर्य उर्जा जडान कार्यक्रम सञ्चालन गर्ने भनी बजेट पारित भएकोमा कर्णाली प्रदेश सरकारको मापदण्डमा विद्युत लाइन जडान भएको स्थानमा सौर्य उर्जा जडान गर्न नमिल्ने भन्ने उल्लेख भएता पनि यस नगरपालिकाको समग्र क्षेत्रको विद्युत आपुर्तिको अवस्था ज्यादै कमजोर रहेको दुनै बजारमा विद्युत सेवा प्रवाह भए जुफालमा बन्द गर्नुपर्ने र जुफालमा विद्युत सेवा प्रवाह भए दुनै बजारमा सेवा बन्द गर्न गर्नुपर्ने भएकाले दैनिक १२ घण्टा विद्युत लाइन बन्द भइ नगरबासीले पीडा भोगिराख्नु पर्ने अवस्था रहेकोले यस्तो अवस्थाबाट न्याय पाउन सधै भरी विद्युत सेवा र उज्यालो सेवा प्राप्त गर्न सौर्य उर्जा जडान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ११</u>

यस नगरपालिकाको एघारौ नगरसभाबाट पारित प्रदेश ससर्त तर्फको पूँजिगत कार्यक्रम अन्तर्गत वडा नं १० मा दुनै हुदै लामालोटे देखी सुलिगार्डसम्म सडक निर्माण ठूलीभेरी न पा १०, ११ डोल्पा सडकको योजना रहेकोले उक्त योजना कार्यान्वयनका लागि शे फोक्सुन्डो राष्ट्रिय निकुञ्जको सहमती प्राप्त भएपछि मात्र योजना कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं १२</u>

यस डोल्पा जिल्लाको सदरमुकाम दुनै बजार र जुफाल बजार लगायत ठूलीभेरी नगरपालिकाको सम्पूर्ण बस्ती र त्रिपुरासुन्दरी नगरपालिकाको सम्पूर्ण क्षेत्रमा गरी करीब ३० हजार जनसंख्याका र जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरुका लागि विद्युतको अवस्था ज्यादै कमजोर रहेकोले सेवा प्रवाहमा गम्भिर असर परेको नागरिकको उद्योग व्यवसायमा प्रत्यक्ष असर परेकोले २४ सै घण्टा विद्युत सेवा प्रवाहका लागि सबैभन्दा दीगो, भरपर्दो र विश्वसनीय स्रोतको रुपमा रहेको आँखेखोला जलविद्युत आयोजनालाई सञ्चालन गर्न अति आवश्यक देखिएकोले उक्त आयोजनालाई

सञ्चालन गरिदिन संघीय सरकार र कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १३

यस नगरपालिका वडा नं ७ मा कार्यरत नेपाल इन्जिनियरिङ्ग सेवा जनरल समूह असिष्टेन्ट सब इन्जिनियर पदका छ्युङ्ग जाङ्गमो तामाङ्गले आफ्नै प्रयासमा पूर्वाञ्चल विश्वविद्यालयबाट ब्याचलर इन सिभिल इन्जिनियरिङ्गमा अध्ययन गर्न छात्रवृत्ति प्राप्त गरेकोले निजामती सेवा नियमावली २०५० को नियम ६१ को उपनियम ५ बमोजिम माघ १ गते देखी लागु हुने गरी १ बर्षको लागि वेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस नगरपालिका देहायका क्षेत्रमा झोलुङ्गे पुलको अति आवश्यक परेकाले स्थानीय पूर्वाधार विभागमा माग गर्ने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | जरकोट देखी गाह्रा पारीसम्म झोपु | ठूलीभेरी ६ |
| २ | चौखेढूङ्गा देखी बेरुपानी सम्म झोपु | ठूलीभेरी १ |
| ३ | तल जँगार देखी डाँगीबाससम्म झोपु | ठूलीभेरी ३ |
| ४ | माकेदुला देखी गाँडापानीसम्म झोपु | ठूलीभेरी १० |
| ५ | रुपगार्डखोला तातोपानीमा झोलुङ्गेपुल | ठूलीभेरी ८ |
| ६ | मोलिङ्ग खोला झोपु | ठूलीभेरी ५ |
| ७ | साइकुमारी खोला झोपु | ठूलीभेरी ५ |

र्णय नं १५

देहायका योजनाहरु देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | गर्नुपर्ने व्यहोरा | हुनुपर्ने |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | खाल्दारा घेराबार निर्माण<br>वडा नं १ | संशोधन गर्ने | सौर्य उर्जा जडान |
| २ | कामकोट वृहत खानेपानी योजना<br>वडा नं १ | प्रदेशमा माग गर्ने | उर्जा जलश्रोतमा माग गर्ने |
| ३ | बेरुपानी तटबन्ध निर्माण<br>वडा नं १ | प्रदेशमा माग गर्ने | उर्जा जलश्रोतमा माग गर्ने |
| ४ | जैरीगार्ड खाल्दारा थाला हुदै कामकोटसम्म सडक स्तरउन्नति<br>वडा नं १ | संघीय सरकामा माग गर्ने | |
| ५ | बेरुपानीदेखी थालचौर हुदै थालासम्म पर्यटकीय पदमार्ग<br>वडा नं १ | | |
| ६ | थालागाउँ घेरावार<br>वडा नं १ | | |
| ७ | सौर्य उर्जा जडानको लागत सहभागिता माग गर्ने<br>वडा नं १ | संघीय सरकार र प्रदेश सरकार | वैकल्पिक उर्जा वानेश्वर र उर्जा जलश्रोत मन्त्रालय कर्णाली प्रदेश |
| ८ | लोचाखोला सल्लीपाखा हुदै मौरीघारसम्म घेरावार<br>ठूलीभेरी ३ | प्रदेश सरकार | |
| ९ | गौरी आधारभुत विधालय भवन निर्माण<br>ठूली भेरी ९ | प्रदेश सरकार | |
| १० | वडा नं ९ ढलनिकास योजना | प्रदेश सरकार | |
| ११ | घरवाट माइनधारा हुदै तातोपानीसम्म पर्यटकीय पदमार्ग<br>वडा नं ९ | प्रदेश सरकार | |
| १२ | घरदेखी माथि शिवमन्दिर घेरावार निर्माण वडा नं १० | प्रदेश सरकार | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| १३ | बफीयाखोला देखी गाम्फुसम्म पर्यटकीय पदमार्ग वडा नं २ | प्रदेश सरकार | |
| १४ | कुम्लीघेराबार निर्माण वडा नं २ | प्रदेश सरकार | |
| १५ | घट्टबाट फुनल्दुवासम्म गोरेटोमार्ग वडा नं ११ | प्रदेश सरकार | |

## निर्णय नं १६

यस नगरपालिकाको क्षेत्रमा रहेका विभिन्न नदी र पाखो जमिनका विभिन्न क्षेत्रमा नगरको स्वीकृति बिना नदीजन्य र खानीजन्य पदार्थको चोरीनिकाशी गर्ने देहायकमा सवारी साधनलाई देहाय बमोजिम जरिवाना गर्ने निर्णय गरियो ।जरिवाना गरेको रकमको २५ प्रतिशत पक्राउ गर्ने प्रहरी वा सुरक्षाकर्मीलाई प्रदान गर्ने निर्णय गरियो ।

| क सं | साधनको नाम | जरिवाना रकम रु |
|---|---|---|
| १ | ट्रयाक्टर | ५०००। |
| २ | टिप्पर | ८०००। |
| ३ | ब्याक हो लोडर | ३००००। |
| ४ | एक्साभेटर | ५००००। |